कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्षः २४ | अंकः ३२९ | वि.सं. २०८१ चैत ९ शनिवार | नेपाल संवतः ११४४, चैत कृष्ण अष्टमी | Saturday 22 March 2025 | yugaawhan@gmail .com | पृष्ठः ४ | मूल्यः ५ ।-

# सुर्खेतका स्थानीय तहलाई एक अर्ब ७६ करोड समानिकरण अनुदान

**रमेश रावल**
**सुर्खेत, ८ चैत ।**

आर्थिक वर्ष २०८२/०८३ का लागि संघीय सरकारले सुर्खेतका नौ स्थानीय तहलाई एक अर्ब ७६ करोड २८ लाख रुपैयाँ वित्तीय समानिकरण अनुदान प्रदान गर्ने भएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सरकारले रकम प्रदान गर्ने भएको हो ।

आयोगले आठ वटा सूचाङ्कका आधारमा वित्तीय समानिकरण अनुदान दिँदै आएको छ। संघीय सरकारले सूचाङ्कमा जनसंख्या, क्षेत्रफल (भूगोल), मानव विकास सूचाङ्क, प्रदेश तथा स्थानीय तहको आर्थिक, सामाजिक असमानता, पूर्वाधार विकास सडकको घनत्व (सडकमा पहुँच), विद्युतको सुविधा (विद्युतमा पहुँच), सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच), खानेपानीको सुविधा (खानेपानीमा पहुँच), सरसफाइ (शौचालयको उपलब्धता) शहरीकरणको अवस्था, खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता र कार्यसम्पादन मूल्याङ्कन सूचकका आधारमा समानिकरण शिर्षकमा अनुदान दिँदै आएको छ।

नेपालको संविधानमा तीनै तहका सरकारका बीचमा राज्यशक्तिको बाँडफाँट गरिएको आयोगका प्रवक्ता रामहरि ज्ञवालीले बताए। 'तहगत सरकार बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था संविधानले नै सुनिश्चित गरेको छ,' उनले भने, 'अन्तर सरकारी वित्तीय सम्बन्धको महत्वपूर्ण अवयवको रुपमा अन्तर-सरकारी वित्तीय हस्तान्तरण हो। यसै अनुरुप अन्तर-सरकारी वित्तीय हस्तान्तरणको महत्वपूर्ण माध्यम वित्तीय समानिकरण अनुदान रहेको छ।'




नेपालको संविधानको अनुसूचीमा उल्लेखित तहगत सरकारको अधिकारको विश्लेषण गर्दा प्रदेश तथा स्थानीय सरकारहरुमा खर्च जिम्मेवारीको अनुपातमा राजस्व परिचालन गर्ने अधिकार न्यून रहेको छ। भने नेपाल सरकारमा राजस्व परिचालनको अधिकार अधिक रहेको प्रवक्ता ज्ञवालीले बताए।

बाँकी ३ पेजमा

## कुन पालिकाले कति पाए बजेट

सुर्खेतका नौ स्थानीय तहमध्ये सबैभन्दा बढी सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाले समानिकरण बजेट अनुदान पाएको छ, भने सबैभन्दा सिम्ता गाउँपालिकाले पाएको छ। वीरेन्द्रनगर नगरपालिका न्युनतम सात करोड ५० लाख, सुत्रमा आधारित १६ करोड २४ लाख, कार्यसम्पादनमा ५० लाख गरेर जम्मा २४ करोड २४ लाख समानिकरणको बजेट पाउँदा सिम्ता गाउँपालिका न्युनतम चार करोड २५ लाख, सुत्रमा आधारित पाँच करोड ९६ लाख, कार्यसम्पादनमा ४० लाख गरेर जम्मा १० करोड ६१ लाख बजेट पाएको छ।

चिङ्गाड गाउँपालिका न्युनतम तीन करोड ५० लाख, सुत्रमा आधारित चार करोड ३३ लाख, कार्यसम्पादनमा ३७ लाख गरेर जम्मा आठ करोड २० लाख, लेकबेसी नगरपालिका न्युनतम चार करोड, सुत्रमा आधारित छ करोड ८० लाख, कार्यसम्पादनमा ५४ लाख गरेर जम्मा ११ करोड ३४ लाख, गुर्भाकोट नगरपालिका न्युनतम चार करोड ७५ लाख, सुत्रमा आधारित आठ करोड ४४ लाख पाएको छ। कार्यसम्पादनमा ५८ लाख गरेर जम्मा १३ करोड ७७ लाख रहेको छ।

भेरीगंगा नगरपालिका न्युनतम चार करोड ७५ लाख,

बाँकी ३ पेजमा

# उत्तरपश्चिम पृतना सुर्खेतमा 'भूतपूर्व सैनिक सम्मेलन'

**युग संवाददाता**
**सुर्खेत, ८ चैत ।**

नेपाली सेना कल्याणकारी बोर्डको समन्वय तथा संयोजकत्वमा उत्तरपश्चिम पृतना सुर्खेतमा शुक्रबार आयोजित दोस्रो चरणको 'भूतपूर्व सैनिक सम्मेलन-२०८१' सम्पन्न भएको छ। सुर्खेतसँगै नेपालगन्ज, दैलेख, कालीकोट, जुम्ला, मुगु, डोल्पा र हुम्ला उपकेन्द्रमा एकैसाथ सुरू भएको सम्मेलन ती जिल्लामा बसोबास गर्ने भूतपूर्व सैनिक तथा सैनिक एकल महिलाको सहभागितामा सम्पन्न भएको हो।

सम्मेलनलाई सम्बोधन गर्दै प्रधानसेनापति अशोकराज सिग्देलले भूपू सैनिक सम्मेलन नेपाली सेनाबाट अवकाशप्राप्त सैनिकको विशेष पुनर्मिलन कार्यक्रमका रूपमा रहँदै आएको बताए। उनले सम्मेलनमा अवकाशप्राप्त सकल दर्जा तथा परिवारजनसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रियाले हामीबीचमा रहेको भावनात्मक सम्बन्धलाई थप मजबुद बनाउनाका साथै संस्थागत प्रयासमा समेत योगादन पुग्ने विश्वास व्यक्त गरे।

"भूपू सम्मेलन हामीबीचको पुनर्मिलनको महत्त्वपूर्ण अवसर हुनाका साथै एकापसमा अनुभव साट्ने एवं बहालवाला र अवकाशप्राप्त सैनिकबीच सामिप्यताको भावन थप जागृत गराउने अवसर हो", उनले भने।

प्रधानसेनापतिले कल्याणकारी कोषको मितव्ययी र पारदर्शी प्रयोगबाट कोषको दिगोपन तथा सेवा सुविधालाई निरन्तरता दिई थप व्यवस्थित गर्ने योजना भइरहेको बताउँदै स्रोतको सीमितताका बाबजुद हिताधिकारीबाट प्राप्त राय सुझावलाई चरणबद्ध रूपमा सम्बोधन गर्दै लैजाने जानकारी गराए।

नेपाली सेना कल्याणकारी बोर्डका प्रमुख कार्यकारी अधिकृत एवं अवकाशप्राप्त रथी गौरव तण्डुलले कल्याणकारी कोषको रकमलाई आयमूलक क्षेत्रमा लगानी गर्न, कल्याणकारी कार्यलाई दिगो तथा परिणाममुखी बनाउने उद्देश्यका साथ शिक्षा, स्वास्थ्य,

बाँकी ३ पेजमा

# मार्बलले च्यापेर ट्रक पछाडि बसेका मजदुरको मृत्यु



**युग संवाददाता**
**सुर्खेत, ८ चैत ।**

रूकुम पश्चिममा मार्बलले च्यापेर एक जना मजदुरको मृत्यु भएको छ। मृत्यु हुनेमा डोल्पाको त्रिपुरासुन्दरी गाउँपालिका-१ का २४ वर्षीय देवचन्द्र सार्की रहेका छन्। मार्बल बाँधेको डोरी चुँडिएपछि मार्बल र सिमेन्टले च्याप्दा ट्रकको पछाडि बसेका उनको टाउको र ढाडमा गहिरो चोट लागेको थियो।

देवचन्द्रलाई उपचारका लागि जिल्ला अस्पताल लगिएको र केहीबेरमै चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ। उनीसँगै ट्रकको पछाडि सवार त्रिपुरासुन्दरी-६ का २१ वर्षीय मन्दिर सार्की घाइते भएको रूकुम पश्चिमका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक ऋषि पाठकले जनाकारी दिए।

उनी बोल्न सक्ने अवस्थामा रहेको र रूकुम पश्चिमै उपचार जारी छ। चौरजहारी नगरपालिका-१ गुडिरहेको लुम्बिनी पदेश ०३-००१ क ००२७ नम्बरको मिनी ट्रकमा मार्बलको सुरक्षाको लागि बसेका सार्कीद्वयलाई मार्बल बाँधेको डोरी चुँडिएपछि च्यापेको थियो।

उनीहरू ठाउँ ठाउँमा सामान अनलोड गर्दै हिँडेका थिए। घटनालगत्तै फरार सुर्खेतको गुर्भाकोट नगरपालिका- ११ का ३५ वर्षीय चालक विकास सुनारलाई केहीबेर अघि प्रहरीले नियन्त्रणमा लिएको छ। घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

# बबईमा स्वचालित क्यामेरा

**युग संवाददाता**
**सुर्खेत, ८ चैत ।**

कर्णाली प्रदेश प्रवेश गर्ने प्रमुख नाका बबईमा कर्णाली प्रदेश सरकारले अत्याधुनिक स्वचालित सिसी क्यामेरा जडान गरेको छ। प्रदेश भित्रने र बाहिरिने सवारी साधनहरु डिजिटल प्रविधि स्वचालित नम्बर पिलेट पहिचान गर्ने सिसी क्यामरा जोडिएको हो।

क्यामेरा जोडिएसँगै प्रहरीहरू सडकमा आउनुपर्ने र सवारी साधनहरु रोकेर नम्बर दर्ता गर्नुपर्ने झन्झट हटेको छ। अत्याधुनिक सिसी क्यामराले गाडीको नम्बरसहितको आवश्यक विवरणहरू कम्प्युटरमा लिपिबद्ध हुनेछ। जसले गर्दा अब बबई नाकामा गाडीहरू नरोकिन जाने आउने गर्दछन्। दुई वटा अत्याधुनिक क्यामरासहित अन्य प्रविधिको ९ लाख ७५ हजार र क्यामरा कन्ट्रोल गर्ने भवनको आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई प्रदेश प्रहरी कार्यालयलाई १० लाखभित्र बनाउन बजेट दिएको थियो।

कर्णाली प्रदेशका मुख्य मन्त्री यामलाल कँडेलले उद्घाटन गरेका हुन्। कर्णाली छिर्ने नाकामा

बाँकी ३ पेजमा

## नागरिक वडापत्रको उपयोग गरौं ।

**नागरिक वडापत्रमाः**

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।

**सेवाग्राहीलेः**

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

### वर्गीकृत

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

ज्याकेट १ पेज रु. ८,00,000/-

नोटः उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.ः ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेलः yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali
Find Your Dream Job
Jobkarnali.com
Tender Karnali
Tenderkarnali.com
ebazar
ebazar.com
GET IT ON Google Play
yugnews.com

युगआह्वान
राष्ट्रिय दैनिक

कथा :

# इन्काउन्टर



✍ उमालाल आचार्य

खाना खाएर वेसिनमा हात चुठ्दै गर्दा उसले आफूलाई अगाडिको ऐनमा हेर्‍यो । छातीमा लडि्कएको नेमट्याग लाई दुरुस्त पार्‍यो । ऐनमा अक्षर उल्टो देखिन्छ, अंग्रेजीमा लेखिएको थियो उपेन्द्रमान शर्मा । उपेन्द्रले आफ्नो कुममा हेर्‍यो त्यहाँ थियो प्रहरीमा सेवा गरे बापत उसले बढुवामा पाएको दर्जा चिन्ह । रुमालले हात पुछ्दै क्यान्टिनबाट बाहिर निस्केको उपेन्द्रले चुरोट सल्काएर माथितिर धूवाँ फुक्दै आकाशभरी छरिएका तारा हेरिरह्यो । ठूलो पैसाको चलखेलले सरुवा र बढुवामा राजनीति घुसेर प्रहरी प्रशासन तहस नहस भएको मात्र होइन आत्मबल समेत खस्किरहेको छ । जनविश्वास हराइरहेको बदनाम यो राजनीतिले देश बर्वाद पार्न थालेपछि देशभक्त सिपाहीहरु निकै चिन्तित छन् । चर्चित एउटा घोटाला काण्डका कारण भर्खरै सरकार उतानो ढलेपछि सिनियर अफिसर्सको गोप्य मिटिङमा उपेन्द्रको पनि उपस्थिति थियो । त्यहाँ भएका थिए केही महत्त्वपूर्ण निर्णयहरु । पाकेटमा उसको फोन थर्थराएपछि झिकेर उपेन्द्र बोल्यो ।

"अँ भट्टजी भन्नुस त ।"

"सर टार्गेट निस्क्योरे ।"

"निगरानीमा को छ ?"

"टेकराज छ सर । रिपोर्टिङ गरिरहेको छ ।"

"फलो हिम् केयरफुल्ली । म क्यान्टिन बाहिर छु है ।"

"ओके सर । " फोन विच्छेद हुँदै गर्दा त्यही फोन स्क्रिनमा उसले समय हेर्‍यो, ११ बजिरहेको थियो ।

पुर्पक्षका लागि जेल चलान भएको एउटा अपराधी रातीराती जेलबाट निस्केर लोक दोहोरीमा तरुनीसँग नाच्छे । कहिले नाइटक्लब र डान्सबारमा रक्सी खाइ मातिन्छ फेरि होहल्ला मचाई मारपिटमा उत्रिन्छे । कहिले क्यासिनोमा मजाले जुवा पनि खेल्छ रे भन्ने गुप्त जानकारी उपेन्द्रले नपाएको होइन । प्रहरीको मिलोमतो बिना यो कतै सम्भावना हुनै सक्दैन । हावा नचली पात कसरी हल्लियो होला ! यसमा जेल प्रशासनलाई थाहै नदिइ गुप्त अन्वेषण गर्दा समेत कुनै कैफियत भेट्न सकिएन । कैफियत फेला नपरे पनि यस्ता निकृष्ट काम चलाखी पूर्वक गरिन्छ भनी बुझ्न उपेन्द्रलाई कुनै पनि कठिन थिएन । अपराधीलाई दाइ सम्बोधन गरि नमस्कार भन्ने, अपराधीले दिएको चार पैसा दारुपानी र नानीमा खर्च गर्ने । अपराधीले लगाएको गुन बापत फोन चलाउन दिने, बाहिर भित्रको सेटिङ मिलाई सबै अनुकूल पारी दिने पनि प्रहरीकै बर्दी लगाउने दुष्टजन हुन भन्ने कुरा उपेन्द्रलाई सिधा थाहा थियो, तर दसी प्रमाण हात लाग्न सकिरहेको थिएन ।

बालुवा गिट्टीको थोक बिक्रेता, पेट्रोलपम्प, रेस्टुरेन्टलाई माध्यम देखाइ घर बंगला गाडी मोटर महङ्गा फर्निचर र बेहिसाब जिन्सी नगद सहित अकुत सम्पत्तिको मालिक थियो विशाल गुरुङ उर्फ मार्सल । कुनै नोकरी र विशुद्ध व्यापारबाट जोडिएको थिएन त्यो अवैध सम्पत्तिको थुप्रो । छोटो अवधिमा नोकरी तथा व्यवसायबाट त्यत्रो आर्जन सम्भावना पनि हुँदैन । गुण्डाराजको आतंकले जनतालाई सताउदै लुटेर थपिदै थुप्रन गएको हो अपवित्र धन दौलत । हप्ता असुल गर्ने पुरानो सहज धन्दा कायमै थियो मार्सलको । उसको अवैध सम्पत्तिको विरुद्ध अख्तियार र सम्पत्ति शुद्धीकरणमा मुद्दा नपरेको होइन, तर राजनीतिक छाया परेपछि यी निकायहरु पनि मस्त निदाउने गर्छन् ।

स्थापित एक राजनीतिक पार्टीको तल्लो कमिटीमा सक्रिय सदस्य थियो मार्सल । समय अनुकूल पर्दासम्म उद्घाटन, सिलन्यास, समापन जस्ता कार्यक्रममा केन्द्रीय नेताहरु र मन्त्रीसँगै मार्सल मञ्चासिन भएका तस्बिर र खबर ठूला मिडियाले प्रशारण गरिरहेका घटना पनि छन् । यस्ता घटनाले समाजमा अपराध गर्न छुट मिलेको मात्रै होइन आतंक मच्चाउन पनि हौस्याएको हो भन्ने ठहर छ प्रहरीको । कुनै काण्डबाट प्रहरीको गिरफ्तारीमा पर्नु र पूर्पक्षका लागि थुनामा जानु सामान्य कुरा थियो मार्सललाई । उसका पक्षमा मुद्दा लड्न र जिताउन वकिल र न्यायाधीशको स्यालभाका मिलिसकेको हुन्थ्यो भने सरकारी वकिलले पनि मुद्दा कमजोर पारेर पेश गरिदिन्थ्यो । काला कोटेहरुले ठट्टामा भन्ने गरेका थिएरे मार्सलको मुद्दा लड्न पाउँदा मजा आउँछ दसैं आए जस्तै हुन्छ । गिरफ्तार हुनु थुनामा जानू अदालतबाट उन्मुक्ति पाएर सजायबाट जोगिनु मार्सलको नियमित प्रक्रिया जस्तै थियो । राजनीतिको आडमा उसको अपराध कर्म झाँगिरहेको थियो । हिरासत जेल अदालत जताततै मार्सल दाइ भन्दै अघिपछि हिंड्दै चाकरी गर्ने लाछिहरु कमि थिएनन् । केही जुनियर अफिसर्सले हात मिलाइ साथी भनी हिमचिम बढाएकोप्रती अस्वभाविक मानी सिनियरले मौखिक रूपमा सोधपुछ गर्दा के गर्नु सर भोलि यदि मन्त्री भयो भने हामीले सलाम ठोक्नै पर्छ भन्ने जवाफ दिएका थिएरे उनीहरूले ।

मार्सलले गरेका अपराध मध्ये केही मिसिल उपेन्द्रमानले पढेको थियो ।

१) एउटा निजी विद्यालय भित्र प्रिन्सिपलको कार्यकक्षमा मार्सलको ग्याङ पसेर आफ्नो इलाकामा विद्यालय संचालन गरेबापत उच्च सम्मान दिनुपर्ने भनी चर्को चन्दा माग गर्छन् । प्रहरीमा गुनासो पुर्‍याएको बुझेपछि अर्को दिनमा उनीहरू ले प्रिन्सिपलमाथि नै हातपात गरि विद्यालयमा तोडफोड पारिदिन्छन । मार्सल सहित सहयोगीहरु पक्राउ पर्छन् । प्रिन्सिपललाई मेलमिलापका लागि ठाउँ ठाउँबाट दबाब आउँछ र मिलापत्र गर्न बाध्य बनाउँछ । मिलापत्र पछि पनि मार्सल ग्याङ त्यही ढंगबाट आउँछन् धम्की दिन्छन् र चन्दा असुली छाड्छन ।

२) एकरात इलाका विस्तार गर्ने क्रममा मार्सल ग्याङको अर्को गुण्डा ग्याङसँग मारमुङ्ग्री हुन्छ । लडाइँमा खुकुरीको चोटले रक्तमुछेल भएको सहयोगी गुण्डा घोप्टे थापालाई तुरुन्त अस्पतालतिर दौडाइन्छ । घाउ चोटपटकको लागि पुलिसलाई खबर गर्नुपर्ने कानुनी व्यवस्था बारे डाक्टरले बोल्न पाउँदा नपाउँदै मार्सल ग्याङ गालीगलौजमा उत्रिन्छ । एकछिनमा अस्पतालका कर्मचारी डाक्टर नर्सहरु सबैजना भेलाजम्मा हुन्छन् प्रहरी आइपुग्दा घोप्टे थापाको मृत्यु हुन्छ । मार्सल ग्याङ पक्राउ पर्छन् । "एइ बुझिराख डाक्टर अब तेरो बर्बादी सुरु हुन्छ ।" प्रहरीको बीचबाट औंलो ठड्याउँदै मार्सलले धम्की दिन्छ ।

केही दिनपछि डाक्टरलाई एउटा अन्जान नम्बरबाट फोन आउँछ । फोनले भन्छ- "तेरी छोरी हाम्रो कब्जामा छ पैसा ले छोरी लैजा । भुलेर पनि पुलिसलाई खबर गरिस भने छोरीको लास देख्छस् ।" क्याम्पस पढ्ने छोरी अपहरण गरि अत्यन्त ठूलो रकम मागेपछि डाक्टर छटपटिए । डाक्टरका आफन्त मार्फत गोप्य रूपमा खबर पुगेपछि प्रहरी तुरुन्त सक्रिय भयो । तीन दिनको प्रयासमा प्रहरीले छोरीको उद्धार मात्र गरेन मार्सल ग्याङका गुण्डाहरु लाई पनि पक्राउ गऱ्यो । प्रहरीको हिरासतबाटै पनि मार्सलले बाहिर अपराध गर्न सक्छ भन्ने पुष्टि भयो । दुःखद कुरा दुई दिनपछि डाक्टरकि छोरीले आत्महत्या गरिन् । शव परिक्षण प्रतिवेदन नआउँदै डाक्टरले देश छोडेर गए ।

३) सन्ध्याकालिन गस्तीमा रहेको प्रहरी इकाईलाई नियन्त्रण कक्षबाट नजिकै पर्ने एक होटलमा लडाइँ झगडा भैरहेकोले अभियुक्त हरुलाई पक्राउ गर्ने आदेश हुन्छ । गस्ती प्रहरी घटनास्थल पुग्दानपुग्दै बबालीहरु केही भाग्छन भने केही नियन्त्रणमा पर्छन् ।

" ए, तेरा हाकिमहरुले त नमस्कार गर्छन भने तँ साले को होस मलाई समाउने ?" यसो भन्दै मार्सलले कार्की थरको प्रहरी सहायक निरीक्षकमाथि पिस्तोल पो ताक्छ । केही छिनमा नै थप प्रहरी बल आइपुग्छ र हतियार सहित सबै पक्राउ पर्छन् ।

झगडाको गुदि कुरो के रहेछ भने, निर्माण कम्पनीको कोही ठेकेदारलाई बोलपत्र नहाल्न मार्सल ग्याङको धम्की रहेछ । धम्कीका बाबजुद पनि ठेकेदारले बोलपत्र हालेछ । त्यही कारणले कुर्सी उठाइ आपसमा भकुराभकुर गर्न थालेपछि होटल साहुले प्रहरीलाई बोलाएको रहेछ । मुद्दा अदालत जानू अगावै ठेकेदार र मार्सलको मिलापत्र भएछ । कार्की ले मिलापत्र गर्न इन्कार गर्दागर्दै पनि दबाब झन झन जब्बर भएर आउन थालेछ । प्रहरीका माथिल्ला अधिकारीसँग भेटी कार्कीले आफ्नो गुनासो पोखेछ ।

"सर त्यसले डिउटीमा रहेको पुलिसको निधारमा गन ताकेको छ । यो पर्सनल मेटर मात्रै होइन सर, यसमा के पुलिसको इमेज जोडिदैन र ?"

"तिम्रो भनाइसँग सहमत छु भाइ । तर पुलिसलाई यति निरीह बनाएको छ की यो डर्टी पोल्टिक्स्ले हामीले चाहेर पनि कानुनको पालन गर्न नसक्ने भएकाछौं । अडान छोडेर अहिले मिलापत्र गर बरु तिमीले मागेको वा चाहेको ठाउँमा सरुवा गरौंला ....।"

"सर त्यसोभए पुग्यो मलाई पुलिसको जागिर खान...।" कार्कीले आँसु झारेर सलाम हान्यो ।

"होइन होइन त्यस्तो नभन भाइ । यो अवस्था सँधै रहिरहने छैननी । मेरो कुरा बुझेनौ....?"

कसैको सम्झाइ बुझाइ काम लागेन । हीनताबोधको कारण कार्कीले जागिरबाट राजीनामा दिएर गएछ ।

४) मार्सल ग्याङ एउटा पसलमा हप्ता उठाउन गएको थियो । मागेजति रकम दिन पसल साहुले आनाकानी गरिरहेको थियो ।

"अघिल्लो हप्ता त दिएकै हो । गल्ला हेरे हेर्नुस यो हप्ता पुगेन बरु भोलिपर्सि....।"

"हाम्रो इलाकामा व्यापार गरेपछि पैसा पुग्दैन भनेर सुख पाइन्छ ? त्यसो भए पसल नखोल घरै बस ।"

"आजभोलि व्यापार पनि खास चलेको छैन ।"

"हामी त्यस्तो कुरा सुन्न आएको होइन । छोराछोरी बेच कि दिदी बहिनी धन्दामा राख हामीलाई त जसरी पनि पैसा चाहिन्छ ।" यस्तो सुन्नेबित्तिकै रिसले चेतकान हराएको पसले दुर्वाच्य बोल्नेमाथि ह्वात्तै जाइलाग्छ । ग्याङले उमाथी बगाले मुक्का बर्साउँछ । छोरो चिच्याउँदै कराएको सुनेर भित्रबाट बुढा बा आत्तिदै आउँछन् र छोराको गुहारमा ऊनी पनि जाइलाग्छन् । मार्सलले छातिमा धकेलेर ती बुढालाई भित्तामा पुर्‍याउँछ । टाउको ठोकिएर बुढा अचेत हुन्छन् । खैलाबैला गर्दै मान्छे आएपछि ग्याङ तितरबितर भै भाग्छ । बुढालाई हतारमा अस्पताल पुर्‍याइ इमर्जेन्सीमा भर्ना गरिन्छ । अवस्था जटिल भएको हुँदा इमर्जेन्सीबाट तुरुन्त आइसियु राखिन्छ । उता दुईदिन भित्र प्रहरीले मार्सल ग्याङ सबैलाई पक्राउ गर्छ । उपचार हुँदाहुँदै बेहोसीमा कठिनले सास फेरेका ती बुढा बाको चारौं दिनमा प्राणान्त हुन्छ । यसै कारणले मार्सल पुर्पक्षका लागि थुनामा जान्छ ।

उज्यालो बाल्दै अघिपछि भएर दुईवटा प्रहरीका जीप गाडी सँगसँगै आइरहेको देखिएपछि मिसिल पढेको सम्झना फेरि मनमै हरायो । गाडी आफू नजिकै रोकिएपछि चुरोटको ठुटो भुइँमा फाली जुत्ताले कुचेर निभायो र चढेर ड्राइभरको फ्रन्ट सिटमा बस्दै तानेर ढोका बन्द गऱ्यो उपेन्द्रले । गाडीले फेरि आफ्नो रफ्तार लियो ।

"भट्टजी नयाँ के भैरहेको छ ?"

"टार्गेट डायमण्ड नाइटक्लबमा इन्ट्री भैसकेको छ सर । टेकराजको यो भर्खरैको रिपोर्टिङ हो ।" प्रहरी निरीक्षक अर्जुनदेव भट्टले बोलेपछि उसले ओंठ टोक्दै टाउको हल्लायो । अगाडि उज्यालोमा आँखा गाढ्दै सोचिरह्यो, थरीथरी झिलिमिली बत्ती बलिरहेको उज्यालो नाइटक्लबमा रसिक र उन्मादी रात मन पराउने साहु पैसावालहरु टेबल टेबलमा खादै पिउदै बसिरहेका होलान् । गीत संगीतमा कोही कोही नाचिरहेका होलान् । अर्धनग्न युवतीहरु खितखिताइ रहेका होलान् । ती मध्ये कतै एउटा टेबुलमा मार्सल र उसका सहयोगी रात्रीचरहरु रक्सी चुरोटमा बात मार्दैहोलान तरुनीसँग छाडा ठट्टा गर्दैहोलान, अट्टाहस हाल्दै होलान । रक्सीसँगसँगै तरुनीले अरु उत्साह थप्दै होलान ।रमाइलाका लागि आएकाहरुले छ यालब्याल मनोरञ्जन लुट्ने होलान् ।

"मार्सल दाइ टाइम भो जाउँ जानुपर्छ ।" कोही एउटाले भन्नेहोला ।

" पख् न जाँ...।"

"होइन दाइ एक घण्टा भनेको डेड् घण्टा हुन लाइसको " कोही अर्कोले जोड गर्नेहोला ।

"हो र !"

"हो दाइ पछि ढिलो हुन्छ फेरि ।" बाँकी रक्सी सिनित्तै पारेर मार्सल हिंडेपछि मात्र रात्रीचरहरु पछिपछि लाग्ने होलान् । उनीहरुलाई बोकेको मोटर जेलघरको बाहिरी गेटमा सुस्त रोकिने होला बिस्तारै गेट खुलेपछि एक एक गरि सबै भित्र छिर्ने होलान् । त्यसरी नै भित्रको अर्को ढोका खोलिने होला, ती मध्ये केही भित्रसम्म जाने होलान् । अन्तिममा मार्सल मात्र पस्न पाउने भित्रको सानो ढोका खोलिएर उ पसेपछि बन्द हुनेहोला ।

गाडीको गति सुस्त हुन थालेपछि अगाडि उज्यालोमा देखा पर्न आयो प्रहरी नायब निरीक्षक टेकराज बिष्ट, जसले हात तेर्साएर गाडी पार्किङको संकेत गरिरहेको थियो ।

"ए सेक्युरिटी भाइ एकछिन गेट...।"

"अहिले गेट खोल्न मिल्दैन टाइम बन्द भैसक्यो ।"

"ए गेट खोल हामी प्रहरी हौं ।"

" हजुर ! मैले पहिला माथि सोध्नुपर्छ सर...।"

"गेट खोल्छस कि तेरो टाउको उडाइदिउँ साले ।" यसो भन्दै अर्जुनले पेस्तोल तेर्साएपछि भित्रबाट ताला खोल्न बाध्य भयो सेक्युरिटी गार्ड । एक एक गर्दै १६ जना प्रहरी भित्र पसे । अर्को मुलढोका खुलाउन प्रहरीलाई त्यति बाधा परेन । कार्यक्रम स्थलमा पुग्नलाग्दा पाखुरामा मासु हालेका दुई जना बाउन्सर जऱ्याकजुरुक उठे ।

"रिल्याक्स बोयज् वीआर पोलिस ।" उपेन्द्रले भनेपछि उनीहरू अक्क न वक्क भए ।

"ए यो म्युजिक बन्द गर कसैले ...।" अर्जुन कराएपछि मान्छे आकृष्ट हुँदै हैरान परे किनकि ती मध्ये केही प्रहरीको हातमा हतियार थियो ।

"म्युजिक बन्द गर भन्दा नसुनेको कि नटेरेको ? बन्द गर ।"

जोडले कराउँदै उपेन्द्र अगाडि बढेपछि संगीत रोकियो ।

"सुन्नुस दाजु भाइ बहिनीहरु ! तपाईंहरु आतंकित हुनु पर्दैन । हामी यहाँ जेलबाट भागी आएको अपराधीलाई पक्राउ गर्न आएका हौं । बरु तपाईंहरु....।"

प्रहरीले त्यसो भनेपनि अनिष्ठको आशंकाले मान्छेको मनमा भय र अनुहारमा आतंक बढ्न थाल्यो । आत्तिएर लुक्न खोज्नेहरु लुक्ने प्रयास गरिरहेका थिए भने निस्कन खोज्नेहरु प्रहरीको निगरानीमा हात माथि उठाउँदै बाहिर निस्किरहेका थिए ।

बिहानै अस्पताल प्राङ्गणमा भिडभाड थियो । समूह समूहका मान्छे आपसमा खासखुस गरिरहेका थिए । बर्दीधारी प्रहरी को उपस्थिति पनि बाक्लै थियो । अस्पताल भित्र पनि थोरै सन्नाटा थियो । पेटमा दुई छातीमा दुई र कुममा एक गरि शरीरमा पाँच गोलि लागेको । गोलीको कारण अत्याधिक रक्तस्राव भइ व्यक्तिको मृत्यु भएको भनी शवपरिक्षण पछि अस्पतालबाट लेखिएको कागजमा वरिष्ठ डाक्टरद्वारा सहि गरि छाप भयो । कोठाको पल्लो कुनामा एउटा अग्लो बेड थियो जहाँ सेतो कपडाले ढाकेको लास सुताइएको थियो । डाक्टर केही भन्न खोज्दै गर्दा उपेन्द्र फोनमा व्यस्त थियो ।

" ...हजुर । ब्याकअप पुग्छ सर ।"

"अनि कस्तो छ उपेन्द्र अहिले त्यहाँको सिचुयसन ?"

" खास प्रतिकूल छैन सर । बाहिर अलिअली क्राउड छ । डाक्टरसाब आइसक्नु भएको छ हामी प्रक्रियामै छौं । उता क्राइमसिन भट्टजीको कमान्डमा छ, फरेन्सिक टिम पनि आइरहेको छ...।"

" मलाई पलपलको रिपोर्ट चाहिन्छ है...।"

फोन वार्ता हुँदाहुँदै एक्कासी उपेन्द्रले बाहिर कोही जंगिएर कराएको सुन्यो ।

"पुलिसले ज्यादती गरेको छ, अब यो महंगो पर्नेवाला छ । हामी त्यसै छोड्दैनौ ....।" समर्थनमा दुई चारजना मान्छे चिच्याएर ताली बजाए । क्यामरा उठाउँदै पत्रकारहरु दारी पालेका ती कराउने व्यक्तितिर दौडिए । अब च्यापु वरिपरि माइक्रोफोन देखेपछि दारीवाला जोशिन थाले " प्रहरीले

बाँच्न पाउने अधिकार खोसेर मानव अधिकारको गम्भीर उल्लंघन गरेको छ । नियन्त्रणमा लिन सक्ने अवस्था हुँदाहुँदै पनि आज निहत्था विशाल गुरुङलाई इन्काउन्टरका नाममा गोलीले भुटेर प्राण हरण गरेको छ ....।"

" पहिला गोली मार्सलले नै चलाएको भन्ने छ । उनीहरूसँग हतियार पनि त भेटियो ?" एउटा पत्रकारले फ्याट्ट सोध्यो ।

"फसाउनका लागि यो सब प्रहरीकै षड्यन्त्र हो । जेलमा थुनिएको थुनुवासँग कसरी हतियार हुनसक्छ ? यहाँ मानव अधिकारको ठाडो उल्लंघन भएको छ । "

" हो ! राति जेलबाट बाहिर निस्केर त्यो नाइटक्लबमा उपद्रो मच्चाउनेसँग हतियार हुन्न कसरी भन्नू ? राति त्यसरी बाहिर निस्कन पाइन्छ ?" अर्को पत्रकार बोल्यो । पत्रकारको प्रश्न मा भिडबाट मान्छेले ताली बजाए ।

"त्यो अपराधको पनि कानुनी कारबाही खोज्नुपर्‍यो । मान्छे नै मार्न त भएननी ।"

"कानुनी कारबाही भन्नाले पुलिसले पक्रेर फेरि अदालतमा बुझाउने । अदालतले रिहा गरिदिने र समाजमा उसले फेरि अपराध दोहोर्‍याउने यही हो कानुनी कारबाही ?" भिडका मान्छेले तालिमाथी सिट्टी पनि बजाए ।

" मान्छेलाई पो मार्न हुँदैन, मान्छेका खुनपसिना लुटि खाने, मान्छे बाँच्न र गरि खान पाउने नैसर्गिक अधिकार खोस्ने, मार्सल गुरुङ जस्तो राक्षसलाई के पूजा गर्ने त ? एउटा मरेर दसजना बाँच्न पाउँछन् भने त्यो मर्नुपर्छ यो प्राकृतिक न्याय को सिद्धान्त पनि हो ।" फेरि अर्को पत्रकार बोल्दा सिट्टी र ताली बजाउदै समर्थनमा भिड कराउन र चिच्याउन थाल्यो ।

"त्यसोभए किन चाहियो त कानुन र संविधान ?"

"त्यो त गरिब र निमुखालाई पेल्न तपाईं जस्ता धूर्त नेताले तयार पारेको दस्तावेज हो । तपाईंकै आड भरोसामा एउटा गुण्डाले समाज पिरोलिरहेको थियो बुझ्नु भो ?"

"ए पत्रकार महोदय तपाईं पुष्टि गर्नसक्नुहुन्छ यो कुरा ?"

"पुलिस र अदालतले आजसम्म किन कानुनी सजाय तोक्न सकेन उसलाई ? तपाईंहरुको दबाब हुन्छ भन्ने पुष्टि हुँदैन ? उसले लुटेको धन मालमा तपाईंको पनि भाग लाग्छ भन्ने हामीले के नबुझेको हो र ?" समर्थनमा भिडले निरन्तरता दियो ।

"ल पुष्टि गर्नुस अहिले भर्खर पुष्टि गर्नुस ।"

"तपाईंले अहिले जो मार्सल गुण्डाको वकालत गर्नुभएको छ त्यही नै पुष्टि होइन र ?" हुटिङमा भिडले वातावरण उचाल्यो ।

भिड उत्तेजित हुन लागेको चाल पाएर अप्रिय घटना घट्न सक्ने सम्भावनाको ख्याल राखी बाटो लागिहाल्न नेतालाई हात समाई एउटाले तान्यो । नेता फर्केर बोल्ने चेष्टा गर्दै थिए अर्कोले पनि त्यसरी नै अर्को हात समाइ तान्यो । उनीहरू मोटरमा बसे भिडले छेक्न खोज्दाखोज्दै मोटर दौडिहाल्यो । भिड भड्केर एकाएक नारा लगाउन थाल्यो ।

गुण्डा नेता मूर्दावाद नेपाल प्रहरी जिन्दावाद !

निकम्मा नेता चाहिदैन समाज भाँड्न पाईदैन !

आवेगमा चढ्दै गरेको भिडलाई नियन्त्रणमा लिनु पनि फेरि प्रहरीकै दाइत्त्व हुन्छ । प्रहरी दस्ता चानोखो भइ भिडको नजिक उत्रिएपछि पत्रकारका क्यामेरा र माइक्रोफोनहरु उपेन्द्रलाई घेर्न थाले,उत्तेजित भिड पनि उसका कुरा सुन्नका लागि छिन् भरमै सामसुम मत्थर भयो ।

"सर यो घटना कसरी घटेको हो...?"

" बेलुका चार बजे पत्रकार सम्मेलन छ । हाम्रो प्रवक्ताबाट तपाईंको जिज्ञासा सम्बोधन हुनेछ । अहिले तपाईंहरु सबै ले शान्ति कायम राख्नुपर्छ ....।"

"थोरै केही बोलिदिनुस न सर ...।"

"अहिले होइन प्लिज जोड नगर्नुस् ...।" भिडले फेरि त्यही नारा दोहोर्‍यायो ।

गुण्डा नेता..

नेपाल प्रहरी ...।

काम सकिएपछि फुर्सद लिएर सुस्ताउन एकान्त खोज्दै उपेन्द्र क्यान्टिनको दोस्रो तलामा गयो । झ्याल नजिक कुर्सी राखेर बसेको उसको अगाडि सानो टि-टेबल थियो । टेबलको बायाँतिर कपमा चिया र दायाँतिर एउटा आस्ट्रे थियो, जहाँ सल्केको चुरोट मसिनो धूवाँमा पुत्ताइरहेको थियो । आजको घटनाले सामाजिक संजाल तताइरहेको हुँदा उ आफ्नो मोबाइल फोनमा आँखा एकोरो धसिरहेको थियो । घटना सम्बन्धिका अनगिन्ती टिप्पणीहरु प्रहरीको समर्थनमा थिए । कुनैकुनै टिप्पणी प्रहरीको तीखो विरोधमा पनि थिए ती विरोधमाथि अनगिन्ती गालीगलौज पोखिएका थिए । अगाडि भित्ताको टेलिभिजन स्क्रिनमा खबरको धुन बजेपछि मोबाइलबाट नजर झिकेर उसले टेलिभिजनमा टाँस्यो ।

"पूर्पक्षका लागि जेल गएका गुण्डा नाइके विशाल गुरुङ उर्फ मार्सल राति जेलबाट निस्केर डायमण्ड नाइटक्लबमा पसेको खबर गोप्य रूपमा प्राप्त भएपछि प्रहरी नायब उपरीक्षक उपेन्द्रमान शर्माको कमान्डमा गएको प्रहरीले पिछागर्दै जाँदा उक्त क्लबमा जम्का भेट भएको बताइएको छ । प्रहरीले आत्मसमर्पण गर्न पटकपटक चेतावनी दिंदा समेत अटेर गरि उल्टै प्रहरीमाथी अन्धाधुन्ध गोलि चलाएकोले जवाफी कारबाहीमा प्रहरीको गोलि लागि घाइते भएको अवस्थामा अस्पताल पुर्‍याउदा डाक्टरले मृत घोषणा गरिदिएको पनि खबरमा बताइएको छ । आज अपरान्ह चार बजे पत्रकार सम्मेल बाट प्रहरीले यस बारेमा विस्तृत जानकारी दिने भएको छ । यसपछि .....।"

टेलिभिजन समाचार सुन्दासुन्दै चुरोटको फेद ओंठमा च्यापेर लामो कस तानेपछि उपेन्द्रले धूवाँ झ्याल बाहिर फुरुरु फुकेर उडायो ।

## विश्व

# इन्डोनेसियाको माउन्ट लेवोटोबी लाकी लाकी ज्वालामुखी विस्फोट

**जकार्ता, ८ चैत ।**

दक्षिण-मध्य इन्डोनेसियाको माउन्ट लेवोटोबी लाकी लाकी ज्वालामुखी शुक्रबारसम्म तीनपटक विस्फोट भएको छ । विस्फोटले आठ हजार मिटर अग्लो खरानी स्तम्भ बनाउँदै अधिकारीहरूलाई ज्वालामुखी वरपरको खतराको क्षेत्र विस्तार गर्न प्रेरित गरेको छ ।

पूर्वी नुसा तेंगारा प्रान्तको फ्लोरेसको दुर्गम टापुमा रहेको ज्वालामुखीमा सयौं भूकम्प आएका छन् र पछिल्लो सात दिनमा दृश्यमान ज्वालामुखी गतिविधि उल्लेखनीय रूपमा बढेको छ ।

अधिकारीहरूले विस्फोटको चेतावनीलाई उच्चतम स्तरमा बढाएका छन् र खतराको क्षेत्रलाई क्रेटरदेखि सात किलोमिटरबाट आठ किलोमिटरमा विस्तार गरेका छन् ।

विस्फोटका कारण केही एयरलाइन्सले अस्ट्रेलिया र इन्डोनेसियाको पर्यटकीय द्वीप बालीबिचको उडानहरू रद्द गरेका छन् भने टापुमा अन्य अन्तर्राष्ट्रिय र घरेलु उडानहरू ढिलाइ भएका छन् । ज्वालामुखीबाट नदीहरूमा निस्कने लाभा प्रवाहलाई उत्प्रेरित गर्ने भारी वर्षाबारे बासिन्दाहरूलाई सतर्क रहन चेतावनी दिइएको इन्डोनेसियाको भूगर्भीय एजेन्सीले बताएको छ ।

गत नोभेम्बरमा माउन्ट लेवोटोबी लाकी लाकीको विस्फोटमा नौजनाको मृत्यु भएको थियो र दर्जनौं घाइते भएका थिए । एक हजार ५८४ मिटर उचाइको पर्वत फ्लोरेस तिमुर जिल्लाको माउन्ट लेवोटोबी पेरेम्पुआनसँग जोडिएको जुम्ल्याहा ज्वालामुखी हो ।

इन्डोनेसिया २७ करोड जनसंख्या भएको द्वीप समूह हो । यहाँ बारम्बार भूकम्पीय गतिविधिहरू हुन्छन् । यसमा १२० वटा सक्रिय ज्वालामुखी छन् र यो 'रिङ अफ फायर'मा अवस्थित छ । रिङ अफ फायर प्रशान्त बेसिनलाई घेरेको भूकम्पीय फल्ट लाइनहरूको घोडे-नाल आकारको शृंखला हो ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – कार्यक्षेत्रमा तटस्थ भएर कार्य गर्नुहोला । नोकरी वा पेशामा अनुभवी व्यक्तिहरूको सल्लाहलाई मान्नुहोस् सफलता मिल्नेछ ।

**वृष** – नोकरी वा पेशामा इच्छाशक्तिले गर्दा बिग्रीएका काम बनाउन सक्नुहुनेछ । धैर्य र पराक्रममा वृद्धि हुनेछ । छात्रहरूलाई नयाँ प्रतियोगी परीक्षाको तैयारीमा सफलता मिल्नेछ ।

**मिथुन** – कार्यक्षेत्रमा अरुमाथि धेरै विश्वास गर्दा धोखा मिल्न सक्ला । पारिवारिक वस्तुमा धन खर्च हुनेछ । सवारी साधन चलाउँदा ध्यान राख्नुहोला ।

**कर्कट** – विवादास्पद मामलाहरूमा धेरै न बोल्नु होला । कार्यक्षेत्रमा अधिकारी वर्गहरूको कुरालाई बेवास्ता नगर्नुहोस् । आफन्तहरूसँगको भेटघाटले मन प्रसन्न

**सिंह** – व्यापार क्षेत्रमा बोलीले गर्दा बनेको काम बिग्रिन सक्छ साथै हिसाब किताबमा सावधान रहनुहोस् । ठेकापट्टाको काममा सफलता मिल्नेछ ।

**कन्या** – कार्यक्षेत्रमा नयाँ कार्यहरू सिद्ध हुनेछन् । विद्यार्थीहरूलाई पठनपाठनमा मन लाग्नेछ । पायक स्थानमा भ्रमणले मन प्रसन्न रहनेछ ।

**तुला** – कार्यक्षेत्रमा बोलिको विपरित अर्थ लाग्नेछ । व्यापार व्यवसायमा कामलाई टाल्नुभन्दा बनाउनमा विश्वास राख्नुहोस् ।

**वृश्चिक** – कार्यक्षेत्रमा बिगरिएको कामलाई दोहोर्याएर गर्दा लाभ उठाउन सकिनेछ । समाजमा मानसम्मानम बढ्नेछ । उपहार आदिमा खर्च हुनेछ ।

**धनु** – आलसले गर्दा लाभकारी योजनाहरू गुमिन सक्छन् । इक्षा आकांक्षा पूरा गर्न खर्चिलो कामतर्फ अग्रसर भइनेछ । प्रेम सम्बन्धमा व्यर्थको वादविवाद बढ्नेछ ।

**मकर** – महत्त्वपूर्ण कार्यहरूमा इष्टमित्रको सहयोग मिल्नेछ । सन्तानको प्रगतिले मन हर्षित रहनेछ । सञ्चित धनमा वृद्धि हुनुको साथै आयआर्जनका नयाँ स्रोतहरू बढ्नेछन् ।

**कुम्भ** – चिताएको कार्य समयमा सम्पादन हुनाले मन उत्साहित रहनेछ । आम्दानीका नयाँ स्रोतहरू बढ्नेछन् । स्वास्थ्यको लागि आहारविहारमा ध्यान राख्नुहोला ।

**मीन** – साहसिक कार्य गर्ने समय रहेको छ । आफ्नो सोचलाई नयाँ दृष्टिकोण दिनुहोस् सफलता मिल्नेछ । कला वा संगीतको क्षेत्रमा सफलता मिल्नेछ ।

## उत्तरपश्चिम....

सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतलाई क्रमशः विस्तार एवं सेवामुखी बनाउने प्रयास भइरहेको स्पष्ट पारे ।

नेपाल इन्भेष्टमेन्ट मेगा बैंकसँगको सहकार्यमा सञ्चालित विभिन्न सहुलियतपूर्ण कर्जा कार्यक्रममा हालसम्म अवकाश प्राप्त र एकल महिलातर्फ २३ हजार एक सय ८५ र वहालवालातर्फ १० हजार ९४ गरी ३३ हजार दुई सय ७९ जनाले रू सात अर्ब ६७ करोड ६२ लाख ९५ हजार कर्जा सुविधा लिएको उनले जानकारी दिए ।

उद्यमशीलता कर्जातर्फ हालसम्म अवकाशप्राप्त सैनिकका परिवार तथा एकल महिलातर्फ दुई हजार ७४ र वहालवाला सैनिकका परिवारतर्फ एक हजार दुई हजार ७४ गरी तीन हजार तीन सय ४८ जनाले रू दुई अर्ब ६८ करोड ४९ लाख कर्जा सुविधा लिएका छन् । आर्थिक वर्ष २०७२/०७३ देखि सुरू भएको उद्यमशीलता तथा व्यावसायिक सीप विकास तालिम कार्यक्रमबाट गत फागुनसम्म २१ हजार एक सय ६३ जनाले विभिन्न तालिमप्राप्त गरिसकेको छन् ।

"यस तालिमलाई थप प्रभावकारी बनाउन हिताधिकारीका इच्छा र आवश्यकता विश्लेषण गरी परिमार्जन गर्दै लगिएको छ", प्रमुख कार्यकारी अधिकृत तण्डुलले भने । उत्तरपश्चिम पृतनापति अनुपजङ्ग थापाले भूपू सैनिकले आयआर्जनका लागि कृषि, विभिन्न व्यवसाय र उद्योग सञ्चालन गरी रोजगारीका अवसर सृजना गर्न सकेको देख्दा सिङ्गो सङ्गठन गौरवान्वित भएको बताए ।

सैनिक कल्याणकारी कोषमार्फत हिताधिकारीलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्य सञ्चालन भइरहेको जानकारी दिँदै उनले ती कार्यलाई थप परिस्कृत र परिमार्जित गर्दै लैजान सैनिक कल्याणकारी निर्देशनालयले विशेष भूमिका निर्वाह गरिरहेको स्पष्ट पारे । "आर्थिक अवस्था सुदृढीकरणको अभिलाषा, व्यावसायिक सीपको कमी र लगानी सुनिश्चितता महसुस नगर्नुलगायत कारणले अवकाशपश्चात वैदेशिक रोजगारीमा संलग्न हुनुपरेको बाध्यताबारे सङ्गठन जानकार छ ।"

पृतनापति थापाले भने, "आफूसँग भएको सीपलाई स्वदेशमा नै परिश्रम गरी व्यवसायतर्फ उन्मुख गराई भूपू सैनिकको सामाजिक र आर्थिक स्तरोन्नति गर्ने अभिप्रायका साथ सञ्चालन गरिएका सहुलियपूर्ण ऋण कार्यक्रमबाट बढीभन्दा बढी लाभ लिन आग्रह गर्दछु ।" सम्मेलनमा बाँके निवासी ८७ वर्षीय हुद्धा भक्तबहादुर गुरूङ र सुर्खेत निवासी ९६ वर्षीय एकल महिला अमृता सलामी मगरलाई ज्येष्ठ भूतपूर्व सैनिक सम्मान गरिएको थियो ।

सर्वोत्कृष्ट/उत्कृष्ट उद्यमी/व्यवसायी सुर्खेत निवासी हुद्धा कृष्णबहादुर रमौली र दिवङ्गत सिपाही कुलबहादुर घर्तीकी श्रीमती शोभा बिसीलाई प्रशंसापत्र एवं पुरस्कार वितरण गरिएको थियो । सोही क्रममा चार वा सोभन्दा बढी सन्तति नेपाली सेनामा रहेका तीन जना अभिभावकलाई सम्मान, फरक क्षमता भएका तथा अशक्त १० जनालाई ह्वीलचेयर,बैसाखी तथा आर्थिक सहयोग वितरण गरिएको थियो ।

सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत पाँच जना व्यवसायीलाई उद्यमशील कर्जाको चेक हस्तान्तरण गरिएको थियो । त्यस अवसरमा भूपू सैनिकका तर्फबाट मार्चपाष्टलगायत विविध सांस्कृतिक भाँकी र सैनिक ब्यान्डको प्रस्तुति गरिएको थियो । यसअघि बिहीबार सुदूरपश्चिम पृतनाअन्तर्गत पहिलो चरणको भूपू सैनिक सम्मेलन धनगढीमा सम्पन्न भएको थियो ।

# छाउपडी र बालविवाह रोकथामका लागि छलफल

**युग संवाददाता**
**सुर्खेत, ८ चैत ।**



पश्चिम सुर्खेतमा व्याप्त छाउपडी प्रथा पछिल्लो समय न्यूनीकरण हुँदै गएको छ । बराहताल र चौकुने गाउँपालिका तथा पञ्चपुरी नगरपालिकाका अधिकांस ठाउँमा महिनावारी हुँदा महिलालाई छाउ गोठमा राख्ने प्रचलन थियो । ती ठाउँमा अहिले छाउ गोठ विरलै देखिन्छन ।

२०७० पछि विभिन्न समयमा प्रहरी प्रशासन, स्थानीय निकाय र गैह्रसरकारी संस्थाहरुको सक्रियातमा अभियानकै रुपमा छाउ गोठ भत्काइएको थियो । छाउगोड भत्काइए पनि महिनावारीहुँदा अलग्गै राख्ने प्रचलन भने कायमै छ । सामाजिक समस्याका रुपमा रहेको छाउपडी प्रथालाई निर्मूल पार्नका लागि स्थानीय सरकारहरुले विभिन्न संघ संस्था, आमा समूह, महिला सञ्जाल, क्लबहरु मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका छन् ।

एसियन एड र केड नेपालको सहयोगमा सुशासन प्रवर्द्धनका लागि युवा संस्था (वाइजीजीपी) ले चौकुने र बराहताल गाउँपालिकामा महिला किशोरी तथा बाल अधिकार कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रम अन्तर्गत चौकुने र बराहताल गाउँपालिकामा मर्यादित महिनावारी, छाउपडी र बालविवाह सम्बन्धी प्यानल छलफल कार्यक्रम सम्पन्न भएको छ । चौकुने गाउँपालिकाको वडा नं. ९ घाटगाउँमा बिहीबार तथा बराहताल गाउँपालिकामा शुक्रमबार छलफल कार्यक्रम आयोजना गरिएको थियो । प्यानल छलफल कार्यक्रममा सहभागी चौकुने गाउँपालिकाका अध्यक्ष खड्क बि.क.'विवश' ले समाज सुधारका लागि छाउपडी र बालविवाह न्यूनीकरणमा प्राथमिकताका साथ काम गरिरहेको बताए । विभिन्न अभियानका वाबजुद सोचेअनुरुप परिवर्तन हुन नसकेको भन्दै अध्यक्ष वि.क.ले हरेक व्यक्तिले आ आफ्नो ठाउँबाट बदलिन जरुरी रहेको औँल्याए ।

बराहताल गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी पुन मगरले छाउपडी हटाउनका लागि गाउँपालिकाले वडागत रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको जानकारी दिए । छाउपडी महिलाहरुको मात्रै सवाल नभएर समाजका सबै मानिसहरुको साझा सवाल भएको भन्दै उनले सबै मिलेर अभियान चलाउनुपर्नेमा जोड दिए । बराहताल वडा नं. ७ का अध्यक्ष कुल बहादुर बुचा मगरले बाल विवाह रोक्नका लागि वडा समितिले कडाइका साथ काम गरिरहेको जानकारी दिए । वडा समितिको निर्णयपछि विगत एक बर्षयता वडा नं. ७ मा एउटा पनि बाल विवाह नभएको उनले दाबि गरे ।

छाउपडी र बाल विवाह न्यूनीकरणका क्षेत्रमा लामो समयदेखि क्रियाशील महिला किशोरी तथा बाल अधिकार कार्यक्रम संयोजक राम बिक्रम शाहले सरकार र नागरिक समाज संस्थाहरु, आमा समूह, स्थानीय सञ्जाल, क्लबहरु लगायत सरोकारवाला सबै पक्षको साझा प्रयासबाट मात्रै बाल विवाह र छाउपडी अन्त्य गर्न सकिने बताए । वाइजीजीपी संस्थाका कार्यकारी निर्देशक तथा नागरिक अगुवा घनश्याम के.सीले छाउपडी बाल विवाह लगायत सामाजिक हानीकारक अभ्यासमा सुधारका लागि स्थानीय सरकारले उचित नीति कार्यक्रम र योजना बनाउनुपर्नेमा जोड दिए । नागरिक समाज संस्थाहरुले अभियान सञ्चालन गरेपनि समग्र अभिभावकत्व सरकारले लिनुपर्ने उनको भनाई छ ।

कार्यक्रममा सहभागी महिला सञ्जाल, बाल क्लव, आमा समूह, टोल विकास संस्थाका प्रतिनिधिहरुले छाउपडी र बाल विवाह रोकथाममा स्थानीय सरकारले उचित ध्यान दिन नसकेको गुनासो गरेका छन् । यस सम्बन्धी नीति तथा कार्यक्रम तथा बजेट विनियोजन गरेर काम गर्नुपर्ने सहभागीहरुको सुझाव थियो । छाउपडी राख्नेलाई ३ महिना कैद र ३ हजार जरिवाना तथा बाल विवाह गर्ने गराउनेलाई ३ बर्ष कैद र ३० हजार जरिवाना हुने कानुनी व्यवस्था रहेको छ ।

## कुन....

सुत्रमा आधारित आठ करोड छ लाख, कार्यसम्पादनमा ४० लाख गरेर जम्मा १३ करोड २१ लाख, पञ्चपुरी नगरपालिका न्युनतम पाँच करोड, सुत्रमा आधारित छ करोड ६८ लाख रहेको छ । भने कार्यसम्पादनमा ३५ लाख गरेर जम्मा १२ करोड तीन लाख, चौकुने गाउँपालिका न्युनतम पाँच करोड ७५ लाख र सुत्रमा आधारित पाँच करोड ६७ लाख, कार्यसम्पादनमा ४६ लाख गरेर जम्मा १० करोड ८८ लाख र गुर्भाकोट नगरपालिका न्युनतम चार करोड ७५ लाख, सुत्रमा आधारित चार करोड ४४ लाख रहेको छ । भने कार्यसम्पादनमा ५८ लाख गरेर जम्मा १३ करोड ७७ लाख समानिकरण बजेट पाएका छन् ।

## बबईमा....

क्यामरा जडानले सुरक्षित यात्रा र प्रहरीहरू प्रविधिमैत्री भएको मुख्यमन्त्री कँडेलले बताए । उद्घाटन कार्यक्रममा कानुन मन्त्रालयका सचिव पुष्पराज शाही, प्रदेश प्रहरी प्रमुख, जिल्ला प्रहरी प्रमुख, भेरीगंगा नगरपालिकाका (कावा) नगर प्रमुख, ट्राफिक प्रदेश र जिल्ला प्रमुखहरू, स्थानीय अगुवाहरू सहभागी थिए । आन्तरिक मामिला तथा कानुन मन्त्रालय कर्णाली प्रदेशले भवन र स्वचालित नम्बर पिलेट पहिचान गर्ने सिसी क्यामरासहितको सामाग्री जोडेको हो ।


## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री समीर तिवारी धनी रहेको, दर्ता नम्बर १०९५१/०८०/०८१ बाट वीन.न.पा-३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री कर्णाली होम क्लिनिङ्ग सोलुसन नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(**सूचना प्रकाशित मितिः २०८१/१२/०९ गते**)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ । उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसील**
धितो लिलाम बिक्री हुने मिति :- २०८२ साल बैसाख महिना १४ गते
सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय दैलेख ।

**ग्राहकको विवरण**
१. ग्राहकको नामः टोप बहादुर रावल क्षेत्री ना.प्र.नं.२८० जारी मितिः २०४९/०४/२७ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय दैलेख, बाबुको नामः खड्क बहादुर रावल बाजेको नामः गोपाल रावल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.) |
|---|---|---|---|---|---|---|
| बाख्रापालन | खड्क बहादुर रावल | दैलेख | सरस्वती | ०८ | ६८६, ३५९, ३६१ | १४४५, ६२५, ५०५ |
| | | | | | ५२७, ५७०,५८९ | १६८०, १११५, ५९० |
| | | | | | ६०९, ६११ | १४१०, ६०५ |

**ब्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण**

| नाम | ठेगाना | ना.प्र.नं | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| खड्क बहादुर रावल | सरस्वती-०८, दैलेख | ५८१ | दैलेख/२०४२।०२।१५/जिल्ला प्रसाशन कार्यालय | गोपाल रावल | परे रावल |

२. ग्राहकको नामः संजय कुमार रावल ना.प्र.नं.: ८९००५/२२५२ जारी मितिः २०५३/०२/२५ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय दैलेख बाबुको नामः भगत बहादुर रावल बाजेको नामः भवानि सिं रावल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.) |
|---|---|---|---|---|---|---|
| व्यापार | संजय कुमार रावल | दैलेख | विन्ध्यावासिनी | ०९ | ५११ | ९३ |

३. ग्राहकको नामः दान बहादुर रावल ना.प्र.नं.१०७३ जारी मितिः २०४४/१२/१० जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय दैलेख बाबुको नामः कृष्ण बहादुर रावल बाजेको नामः दत्त बहादुर रावल

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(वर्ग मि.) |
|---|---|---|---|---|---|---|
| व्यापार | दान बहादुर रावल | दैलेख | सरस्वती | ०६ | ४२३ | २३८५ |

४. ग्राहकको नामः भगवति सिंह ना.प्र.नं.: ६३३०३/३८८ जारी मितिः २०६३/११/११ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय दैलेख बाबुको नामः सक्त बहादुर शाही ससुराको नामः बालरुप सिंह पतिको नाम : लोकेन्द्र सिंह

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.) |
|---|---|---|---|---|---|---|
| घरायसि | भगवति सिंह | दैलेख | बेलासपुर | ०८ | ५१५ | ९० सोमा बनेको घर समेत |

५. ग्राहकको नामः अम्मर बहादुर शाही ना.प्र.नं.: ६२ जारी मितिः २०४४/१२/०१ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय दैलेख बाबुको नामः इच्छ बहादुर शाही बाजेको नामः भक्त बहादुर शाही

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (वर्ग मि.) |
|---|---|---|---|---|---|---|
| व्यापार | अम्मर बहादुर शाही | दैलेख | भैरवकालिकाथुम | ६ | २९६ | २८९० |
| | | | | ८ | ४०८, ५०४, ५१४ ५१७, ८१७, ८२३ १०००, १०८२, ३४ | १६५, २२५, ६४५ ११९०, ७२०, ८९० १२१०, २४३५, १७१० |

**शर्तहरु :**
१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना ब्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ । बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन ।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं ।**

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री पुजा गिरी धनी रहेको, दर्ता नम्बर ६६३४/०७७/०७८ बाट वीन.न.पा-३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री शुभम एकिकृत कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री कृष्ण प्रसाद आचार्य धनी रहेको, दर्ता नम्बर ७४१३/०७७/०७८ बाट वीन.न.पा-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री चिकेन हव नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री तुल्सी कुमारी नाम्जाली धनी रहेको, दर्ता नम्बर ७८५३/०७७/०७८ बाट वीन.न.पा-११, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री प्रज्वल फोटो स्टुडियो नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री गगन बहादुर बुढा धनी रहेको, दर्ता नम्बर ७६६२/०७७/०७८ बाट वीन.न.पा-६, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री त्रिवेणी आवाश चप्पल उद्योग नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## Birendranagar Municipality
## Office Of The Municipal Executive

**Birendranagar, Surkhet**
**Karnali province, Nepal**

## Invitation For Bids

**(First Date of publication: - 2081.12.08 B.S.)**

1. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Birendranagar Surkhet Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refund-able) | Estimated Amount (Including VAT & PS) | Bid Security |
|---|---|---|---|---|
| NCB/BM/W/081/082/62 | Construction of Gatishil Tole Drain & Road Upgrading Work, Birendranagaar 4, Surkhet | NRs. 3000/- | NRs.24,16,111.56 | NRs.60,000.00 |
| NCB/BM/W/081/082/63 | Construction of Nepal Rastriya Ma. Vi. Khajura School Building, Birendranagar 8, Surkhet | NRs. 3000/- | NRs.55,17,794.32 | NRs.1,38,000.00 |

Chief Administrative Officer

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक


## सुर्खेत मोडेल एकेडेमी

वीरेन्द्रनगर–८, सुर्खेत
(स्थापनाः २०६५)

### कक्षा ६ देखि ९ सम्म पूर्ण छात्रवृत्ति सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२ का लागि यस विद्यालयद्धारा प्रदान गरिने जेहेन्दार निशुल्क छात्रवृत्तिका लागि तपसिल बमोजिमको दरखास्त आव्हान गरिन्छ। दरखास्तको फारम विद्यालयको कार्यालयवाट निःशुल्क प्राप्त गर्न सकिने छ, साथै Surkhet Model Academy को फेसबुक पेजमा रहेको google link वाट समेत दरखास्त फारम भर्न सकिने छ।

**तपसिल**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १. | दरखास्त फारम भर्ने अन्तिम मिति | २०८१ चैत्र २३ गते सम्म |
| २. | लिखित परीक्षा | २०८१ चैत्र २४ गते विहान ११:०० वजे देखि १:०० बजे सम्म |
| ३. | मौखिक परीक्षा | २०८१ साल चैत्र २७ गते विहान १०:०० बजे देखि |
| ४. | नतिजा प्रकाशन | २०८१ साल चैत्र २८ गते |
| ५. | परीक्षा हुने स्थान | सुर्खेत मोडेल एकेडेमी, वीरेन्द्रनगर-८, सुर्खेत |

**नोट : छात्रवृत्ति सम्बन्धी विवरण**

| कक्षा | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० जना | १० जना | १० जना | १० जना | ४० जना |

**परीक्षाको पाठ्यक्रम**

शैक्षिक सत्र २०८१ मा अध्ययन गरि सकेको कक्षाको पाठ्यक्रम अनुसार नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरु सोधिने छ।

*(नोट : शिक्षा क्षेत्रमा कार्यरत विज्ञहरुबाट छात्रवृत्ति छनोटका लागि स्वतन्त्र र निष्पक्ष समिति गठन गरिएको र सम्पूर्ण छनोट अधिकार उक्त समितिमा रहेको जानकारी गराइन्छ।)*

विस्तृत जानकारीका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्न सकिने छ। ९८४८१२०१४८, ९८६०९१७६७४, ९८५१०४१३३३, ०८३-५२०४४२


# सुर्खेतको...

'समान तहका सरकारहरुबिच भौगोलिक तथा जनसाख्यिक विविधता र आर्थिक, सामाजिक तथा भौतिक विकासको असमान अवस्थाले गर्दा उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमताबिचमा असमानता रहेको छ,' उनले भने, 'यस्तो परिस्थितिमा प्रदेश तथा स्थानीय सरकारहरूको खर्च आवश्यकता र राजस्व क्षमताबिचको वित्तिय अन्तरलाई न्यूनीकरण गर्न सरकारले प्रदेश तथा स्थानीय सरकारलाई अनुदान दिनुपर्ने संवैधानिक एवंम कानुनी प्रवन्ध रहेको छ।'

सुत्रमा आधारित वित्तिय समानिकरण अनुदान गणनाका आधारमा मानव विकाससूचाङ्क १० प्रतिशत, आर्थिक सामाजिक असमानतामा पाँच प्रतिशत, पूर्वाधार विकासको अवस्था अर्न्तगत सडकको घनत्व (सडकमा पहुँच)मा ३५ प्रतिशत, खानेपानीको सुविधा (खानेपानीमा पहुँच), १५ प्रतिशत, सरसफाइ (शौचालयको उपलब्धता) १५ प्रतिशत, शहरीकरणको अवस्था १५ प्रतिशत, विद्युतको सुविधा (विद्युतमा पहुँच), १० प्रतिशत, सूचना प्रविधिको सुविधा (सूचना प्रविधिमा पहुँच) १० प्रतिशत रखर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमता ७० प्रतिशत आधार मान्दै आएको छ।

त्यस्तै स्थानीय सरकारहरुको कार्यसम्पादन मूल्याङ्कनमा १७ वटा सूचकलाई आधार मान्दै आएको छ। गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरे/नगरेको सूचक तथा भार ५ प्रतिशत, गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेकोमा सूचक तथा भार ५ प्रतिशत, स्थानीय सरकारहरुले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर बापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको सूचक तथा भार ५ प्रतिशत, स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण चालु आर्थिक वर्षको पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरे/नगरेकोमा सूचक तथा भार ५ प्रतिशत छ।

त्यस्तै स्थानीय सरकारहरुले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोमा सूचकं तथा भार ५, स्थानीय सरकारहरुले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था, अनुमानित राजस्व प्रक्षेपण अनुसार राजस्व संकङ्कलनको अवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व संकङ्कलनको अवस्थाको सूचक तथा भार १३ प्रतिशत र स्थानीय सरकारहरूको गत आर्थिक बर्षको विनियोजित रकम अनुसार खर्चको अवस्था रहेको छ।

कुल विनियोजित पूँजीगत रकममा कुल पूँजीगत रकमको खर्चको प्रतिशतको सूचक तथा भार १५ प्रतिशत आधार आयोगले मान्दै आएको छ। त्यस्तै गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरिक्षणबाट औल्याएको बेरुजुको अवस्थाको सूचक तथा भार १५ प्रतिशत, महालेखा नियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग स्थानीय सरकार हरुले पूर्ण रुपमा गरी आवश्यक विवरण प्रविष्ट गरे/नगरेको सूचक तथा भार ५ प्रतिशत छ।

यता स्थानीय सरकारहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको सूचक तथा भार ३ प्रतिशत, कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर सूचक तथा भार ३ प्रतिशत, कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर सूचक तथा भार ३ प्रतिशत, सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी संख्याको तुलनामा कम्तीमा स्तरीकृत अंक १ दशमलव ६ वा सोभन्दा उच्च मूल प्रमाणपत्र प्राप्त गरेका विद्यार्थी प्रतिशत सूचक तथा भार ३ प्रतिशत रहेको छ।

चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात सूचक तथा भार ३ प्रतिशत, कुल गर्भवती महिलाको संख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात सूचक तथा भार ३ प्रतिशत, पूर्ण खोप (विसिजी, पोलियो, डिपिटि-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट), पी.सी.भी., दादुरा-रुवेला, जापनिज इन्सेफिलाइटिस, कोलेरा) सेवा लिएका जन्मेदेखि २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात सूचक तथा भार ३ प्रतिशत छ।







अनुसूची–१०
दफा १.१५.४ (च) सँग सम्बन्धित
निक्षेप उपर हकदावीको सूचना

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/०९)

सुर्खेत जिल्ला वीरेन्द्रनगर-६ बस्ने परशुराम पौडेलको मिति २०८१/१०/१५ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको श्रीमती नातापर्ने वीरेन्द्रनगर-७ बस्ने तिल कुमारी पौडेल यस बैंकमा मिति २०८१/१२/८ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय सुर्खेतमा हकदावी गर्न आउनु होला। सो म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**राष्ट्रिय बाणिज्य बैंक लि.**
**शाखा कार्यालय सुर्खेत**













अनुसूची–१०
दफा १.१५.४ (च) सँग सम्बन्धित
निक्षेप उपर हकदावीको सूचना

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/०९)

सुर्खेत जिल्ला वीरेन्द्रनगर-१० बस्ने दिनेश पुरीको मिति २०८१/११/०७ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको भतिज नातापर्ने वीरेन्द्रनगर-१० बस्ने सुदिप पुरी यस बैंकमा मिति २०८१/१२/६ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र आ-आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय सुर्खेतमा हकदावी गर्न आउनु होला। सो म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भै जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

**राष्ट्रिय बाणिज्य बैंक लि.**
**शाखा कार्यालय सुर्खेत**












युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।